प्राविधिक शिक्षा तथा व्यावसायीक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

इटहरी, सुनसरी

**शैक्षिक शत्र २०७६।०७७ मा डिप्लोमा प्रमाणपत्र तहको बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा मुख्य उम्मेदवार भर्ना हुन नगई रिक्त रहन आएको सिटमा बैकल्पिक/उत्तिर्ण सूचीमा रहेका परीक्षार्थीहरुवाट निवेदन माग गरेकोले यस कार्यालयमा निवेदन दिएकाहरु मध्ये छनौट भई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**(नतिजा प्रकाशित मितिः- २०७६।०७।०७)**

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७६।०६।१४ गते बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा भर्नाको लागि निवेदन दिने सम्वन्धी सूचना अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपूरद्धारा मिति २०७६।०४।१८ गते संचालन भएको डिप्लोमा/प्रमाण पत्र तहको छात्रवृत्तिको प्रवेश परीक्षामा सम्मिलित मध्ये छनौट भएकाले परिषदवाट संचालन र सम्वन्धन स्वीकृति प्राप्त यस प्रदेश अन्तर्गत पर्ने शिक्षण संस्थाहरुमा परीक्षार्थीहरुको नाम र शिक्षण संस्था सहित योग्यता क्रमानुसार नतिजा प्रकाशित गरी सिफारिश गरिएको व्यहोरा मिति २०७६।०७।०७ गतेको निर्णयानुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण वेभसाइट www.ctevt.org.np मा राखिएको छ ।

सिफारिश भएका परीक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषदको वेभसाइट वाट नतिजा डाउनलोड गरी यो सुचना प्रकाशित भएको मितिले २०७६।०७।२३ गते भित्र भर्ना भई सक्नुपर्ने भएकोले उल्लेखित म्याद भित्र भर्ना सम्वन्धी निर्देशिका २०७४ (दोश्रो संशोधन) मा उल्लेख भए वमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो वर्ग खूल्ने प्रमाणपत्रहरुको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्नाका लागि जानु हुन सम्वन्धीत सबैलाई जानकारी गराइन्छ ।

बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचना एवं परिषद परीक्षा नियन्त्रण कार्यालयको भर्ना सम्वन्धी प्रथम पटक प्रकाशित मिति २०७६।०५।०५ गतेको सूचना बमोजिम भर्ना गर्न हुन जानकारी गराइन्छ । उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा सम्वन्धित शिक्षण संस्थाहरुले रिक्त रहेको कार्यक्रमको परीक्षार्थीको नाम,थर र लक्षित वर्ग समेत उल्लेख गरी यस कार्यालयलाई अनिवार्य रुपमा भर्ना म्याद समाप्त भएको मितिले सोको भोलि पल्ट (इमेल erroitahari@gmail.com ) मा पत्र स्क्यान गरी पठाउनु हुन जानकारी गराइन्छ ।

**निर्देशक**

फोन नं.: ०२५-५८६७४० फ्याक्स: ०२५-५८७०१९ Email: erroitahari@gmail.com